# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिम्बुरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०८१/०८२
च.नं. :- ९८३६

मिति: २०८२।०२।०७
ने.सं.:- ११४५, बछलागा ९, बुधबार

**विषयः- व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा।**

धर्मदेवी नगरपालिका वडा नं. ६, ७, ८ र ९ वडा क्षेत्रभित्र हालसम्म प्रचलित कानून बमोजिम दर्ता/नवीकरण नगरी सञ्चालनमा रहेका व्यापार व्यवसाय दर्ता नवीकरणका लागि नगरपालिकाको कार्यालयबाट निम्न मिति, समय र स्थानमा घुम्ती शिविर सञ्चालन गरिने भएको हुँदा उक्त स्थानमा आवश्यक कागजात सहित उपस्थित भई आफूले सञ्चालन गरिरहनु भएको व्यवसाय दर्ता/नवीकरण गरी सञ्चालन गर्नुहुन अनुरोध छ। अन्यथा धर्मदेवी नगरपालिकाको **बजार व्यवस्थापन (अनुगमन र नियमन) ऐन, २०८१** बमोजिम भै जाने बेहोरा जानकारी गराइन्छ।

**तपसिलः**
मिति: २०८२।०२।१० गते, शनिबार
समयः बिहान १० बजे देखि अपरान्ह ३ बजेसम्म
स्थानः बिहिबारे सामुदायिक भवन

**आवश्यक कागजातहरु**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि/२ प्रति पासपोर्ट साइज फोटो,
२. व्यवसाय दर्ता प्रमाणपत्र,
३. स्थायी लेखा नम्बर प्रमाणपत्र/करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपि,
५. तिरो तिरेको रसिदको प्रतिलिपि।

..........................
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत